**अन्तराष्ट्रिय पदक विजेता एवं राष्ट्रिय स्तरका खेलाडी तथा प्रशिक्षकहरुसँग अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन**

**क. पृष्टभुमिः**

युवा तथा खेलकुद मन्त्रालयको आर्थिक बर्ष २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गत वजेट उपशीर्षक नं ३४३००१०२ मा प्रस्ताव गरिएको अन्तराष्ट्रिय पदक विजेता एवं राष्ट्रिय स्तरका खेलाडी तथा प्रशिक्षकहरुसँग अन्तरक्रिया कार्यक्रम बिभिन्न चरणको सम्बन्धित निकायहरुको प्रतिनिधिहरुको राय सुझाव तथा छलफलको आधारमा तय गरिएको थियो । यस कार्यक्रमको लागि राष्ट्रिय खेलकुद परिषद नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी वल जम्मा ४० जना खेलाडी, माननीय युवा तथा खेलकुद मन्त्रीजयू, श्रीमान् सचिवज्यू, सहसचिवज्यूहरु तथा मन्त्रालयका अन्य कर्मचारीहरु समेतको उपस्थिति रहने गरी करिव ९० जनाको लागि कार्यक्रम तय गरिएको थियो । बर्तमान समयमा कोभिड १९ को सुरक्षा मापदण्डको पालन हुने गरी कार्यक्रममा संचालन गरिएको थियो ।

**ख. कार्यक्रमको उदेश्यः**

अन्तरक्रियाको माध्यम वाट खेल क्षेत्रमा खेलाडीहरुले भोगेका समस्याहरु तथा सफल खेलाडी हुनको लागि गरिनु पर्ने प्रयत्न तथा ब्यक्तितत्व विकासको लागि खेलाडीहरुमा उत्प्रेरणा जगाउने रहेको थियो ।

**ग. कार्यक्रम सञ्चालन भएको मिति, स्थान र कार्यतालिकाः**

१. मितिः २०७८ मंसिर ७ गते ।
२. स्थानः युवा तथा खेलकुद मन्त्रालयको सभाहल सिंहदरबार, काठमाण्डौ ।
३. कार्यक्रम सत्रः: बिहान ११.०० देखि. ४ बजे सम्म
४ .अध्यक्षताः डा. दामोदर रेग्मीज्यू, युवा तथा खेलकुद मन्त्रालय ,सचिव
६ .प्रमुखआतिथ्यताः

- माननीय युवा तथा खेलकुद मन्त्री श्री महेश्वर जंग गहतराज (अथक)
  **अतिथिहरु**
- डा. कमल प्रसाद पोखेल, विष्णुराज ढकाल सहसचिव मन्त्रालय
- राजेश उप्रेती सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी वल नेपाल
- महासेनानी मुनाल बस्नेत, महासेनानी, नेपाली सेना
- भरत शाह, प्रहरी निरीक्षक, नेपाल प्रहरी
- शा.अ. चन्द्र कुमार राई राष्ट्रिय खेलकुद परिषद्

- कार्यक्रममा सहभागी हुनु भएका खेलाडीहरु लगायतका उपस्थित महानुभावहरु

७. स्वागत मनतब्य/ कार्यक्रम संयोजक: डा. कमल प्रसाद पोखेल, सहसचिव युवा तथा खेलकुद मन्त्रालय

८. कार्यक्रम संचालन : उपसचिव श्री शान्ति बहादुर वस्नेत

९. राष्ट्रिय गानः सामुहिक

१०. परिचय कार्यक्रम र श्रीमान सचिवज्यू बाट मनतब्य सहित प्रशिक्षकलाई अन्तर्क्रिया कार्यक्रम सञ्चालन

**अन्तर्क्रिया कार्यक्रमः ११.३० बजे देखि १.३० सम्म**

- राजेश उप्रेती सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी वल नेपाल
- महासेनानी मुनाल बस्नेत, महासेनानी, नेपाली सेना
- भरत शाह, प्रहरी निरीक्षक, नेपाल प्रहरी
- सन्तोषी श्रेष्ठ, खेलाडी अन्तर्राष्ट्रिय एथ्लेटिक्स ।

**सहभागी खेलाडीका तर्फ बाट खेलकुद सम्बन्धमा बिद्यमान समस्या तथा समाधानका उपायहरु सम्बन्धमा मनतब्य**

- राजेश उप्रेती सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी वल नेपाल
- महासेनानी मुनाल बस्नेत, महासेनानी, नेपाली सेना
- भरत शाह, प्रहरी निरीक्षक, नेपाल प्रहरी
- सन्तोषी श्रेष्ठ, खेलाडी अन्तर्राष्ट्रिय एथ्लेटिक्स ।

**अन्तर्क्रिया कार्यक्रम पश्चयात समापन कार्यक्रममा अनुभुति मनतब्य कार्यक्रम**

- माननीय युवा तथा खेलकुद मन्त्री महेश्वर जंग गहतराज (अथक)
- श्रीमान सचिवज्यू बाट मनतब्य तथा निर्देशन सहित अन्तर्क्रिया कार्यक्रमको समापन

**खाजाः दिउँसो २.४५**

**घ. कार्यक्रममा उपस्थित सहभागीहरुको बिबरणः**

| क्र स | नाम थर |
|---|---|
| १ | उषा भण्डारी |
| २ | सधिना श्रेष्ठ |
| ३ | स.से मुनाल वस्नेत |
| ४ | गंगादेवी अधिकारी |
| ५ | प्रमिला रिजाल |
| ६ | आयसा शाक्य |
| ७ | रिकेश तामाङ |
| ८ | अनिता कार्कि |
| ९ | गोविन्द खत्री |
| १० | पुरुषोत्तम बज्राचार्य |

| | |
|---|---|
| ११ | अनुअधिकारी |
| १२ | नारायण न्यौपाने |
| १३ | विजय सिन्जाली |
| १४ | प्रविन मानन्धर |
| १५ | सक्षम कार् |
| १६ | कुशुम खड्का |
| १७ | संगीता मगर |
| १८ | जुनी राई |
| १९ | महसुस मोक्तान |
| २० | भोला सिलवाल |
| २१ | सोनिया भट्ट |
| २२ | निश्चलमान श्रेष्ठ |
| २३ | कुलबहादुर थापा |
| २४ | स.से अशोक कालाथोकी |
| २५ | दिपक श्रेष्ठ |
| २६ | निमा घर्ति मगर |
| २७ | पुनम श्रेष्ठ |
| २८ | मिनु गुरुङ |
| २९ | रत्न श्रेष्ठ |
| ३० | विकास थापा |
| ३१ | रुकमणी चन्द |
| ३२ | देवीका खड्का |
| ३३ | पूर्ण बहादुर लामा |
| ३४ | लक्ष्मण मल्ल |
| ३५ | जोनिक अधिकारी |
| ३६ | भिम प्रसाद पौडेल |
| ३७ | चन्द्र कुमार राई |
| ३८ | रचना श्रेष्ठ |
| ३९ | सरस्वती चौधरी |
| ४० | चन्दा चौधरी |
| ४१ | कल्पना परियार |

**ङ. कार्यक्रम सञ्चालन बिधिः**

कार्यक्रम सञ्चालनको क्रममा प्रवचन, छलफल र अनुभव आदानप्रदान लगायत गुनासो समेतको प्रस्तुति लगायत पुर्ण रुपमा अन्तरक्रियालाई जोड दिइएको थियो ।

**च. अन्तरक्रियाको क्रममा उठेका मुलभुत समस्याहरु र समाधानका उपायहरुः**

**समस्याहरुः**

- ब्यबसायिक खेलाडीको रुपमा रहि अन्य पेशा नअपनाई जीवन निर्वाह गर्न नसकिएको अवस्था ।
- खेलाडी उत्पादनको लागि आवश्यक प्रशिक्षण केन्द्र लगायतका अन्य आवश्यक पूर्वाधारहरुको अप्रर्याप्तता ।
- आर्थिक स्रोतको अपर्याप्तताको कारण कतिपय बिश्व स्तरमा चर्चामा आएका खेलहरुको बिकास हुन नसकेको साथै खेलाडीहरु पनि उत्पादन हुन नसकेको ।
- खेलाडीले खेलप्रतियोगितामा नै बढी समर्पित हुनु परेको कारण रोजगारीका अवसरहरुमा समावेशी प्रावधान अनुरुपको सकरात्मक बिभेदको दायरामा समेटिन नसकेको अवस्था रहेको ।
- अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सक्षम खेलाडीहरु छनौटमा बस्तुनिष्ट कार्यप्रक्रियाको अभाव रहेको ।
- गाउँमा रहेका सम्भाबित खेलाडीहरुको प्रतिभा बिकास हुन नसकेको ।
- खेलकुद प्रतियोगितामा लगातार खेलाडीहरुलाई आराम गर्न नै नदिई खेलाउने कार्य समेत भएको जसले गर्दा घाइते हुने सम्भावना बढेको ।
- ताइक्वान्दो कराते जस्ता ब्यक्तिगत खेलहरुको बिकास तथा त्यस्ता खेलहरुको उत्थानमा सामुहिक खेलको जस्तो हुन नसकेको ।
- योजनाबद्ध किसिम वाट खेलको बिकास हुनु पर्नेमा सो नभएको ।
- खेलकुद बिकास ऐन बाट समेत समस्या निस्केको, खेल संघहरु र सरकार बीच दन्द बढेको ।
- ताईक्वान्दो र कराते खेलको बिकासको लागि संस्थागत सयन्त्रको अभाव ।
- ब्यक्तिगत खर्चमा समेत अन्तराष्ट्रिय गेममा जानु पर्ने अवस्था ।
- खेलकुद एकेडेमी र High Altitude Training Centre को अभाव रहेको ।

**समस्या समधानका लागि आवश्यक सुझावहरुः**

- खेलाडी तथा खेलकुद क्षेत्रमा रहेका समस्याहरुको समाधानको लागि खेलकुद परिषद र खेल संघका पदाधिकारीहरुलाई सँगै राखी छलफल गर्नु पर्ने आवश्यकता रहेको ।

- खेलकुद सम्बन्धी कार्यक्रमहरुमा कर्पोरेट हाउस र मिडिया समेतलाई समावेश गर्नु पर्ने ।
- खेलाडीहरुको जीवन पर्यन्त वीमा गरिने ब्यबस्थामा जोड दिनु पर्ने ।
- खेलाडीहरुले शैक्षिक तथा एकेडेमिक बिकासमा जोड दिई प्रतिसपर्धामा सक्षम रहन जोड दिने ।
- खेलाडीहरुले खेल क्रियाकलापमा उचित लगाव राखी पुर्ण अनुशासनमा रही सदैव अभिप्रेरित हुन प्रयत्नशील रहने ।
- खेल संघमा खेलाडीहरुको सहभागितालाई प्रभावकारी बनाई खेलाडीको हितमा निर्णय गराउनु पर्ने वातावरणको सिर्जना गराउन आवश्यक पहल गरिने ।
- तीन विभागीय टिम नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबललाई पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना हुँदाको वखत खेलाडीहरुलाई प्रोत्शाहन गर्नको लागि थप SEED MONEY को व्यवस्था नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयबाट गर्न पर्ने ।

**छ. निश्कर्षः**

अन्तराष्ट्रिय पदक विजेता एवं राष्ट्रिय स्तरका खेलाडी तथा प्रशिक्षकहरुसँग अन्तरक्रिया कार्यक्रम बाट खेलकुदका क्षेत्रमा समर्पित भएका खेलाडीहरुको खेल प्रतिको लगावलाई अझ प्रभावकारी वनाउन उत्प्रेरणा मिल्ने भएकोले यस्ता कार्यक्रमहरु संचालन गरिनु आवश्यक रहेको छ । सफल खेलाडीले गरेका प्रयत्न तथा असफलतालाई आत्मसात गर्दै आफुमा भएका कमी कम्जोरीहरुलाई सुधार गरी धर्यता पुर्वक अवशरलाई सदुपयोगमा बदल्ने कलाको नवप्रवेशी खेलाडीहरुलाई सञ्चार गराउनु पनि खेलकुद विकासको क्षेत्रमा अपरीहार्यता रहेकोले पनि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनु पर्दछ । प्रस्तुत कार्यक्रममा पनि ब्यपक अन्तरक्रिया भै खेलकुद क्षेत्रमा बिद्यमान रहेका समस्याहरुको समेत उजागर भएकोले आगामी दिनमा खेलकुद क्षेत्रको नीति तर्जुमा गर्नमा समेत यस कार्यक्रमको योगदान रहने अपेक्षा गर्न सकिन्छ ।

प्रतिवेदन पेश गर्ने
उप सचिव महेन्द्र सुवेदी
शाखा अधिकृत प्रमिला खरेल
कम्प्युटर अपरेटर श्रीकृष्ण खकुरेल

## कार्यक्रमका केही झलकहरु






अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी र
राष्ट्रिय टिमका खेलाडी बीच
अन्तरक्रिया कार्यक्रम

